# कटहरी गाउँपालिकाको जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/२/१६

कटहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कटहरी, मोरङ

देवराज चौधरी

अध्यक्ष

CamScanner

# जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८१

*प्रस्तावनाः*

कटहरी गाउँपालिका क्षेत्राधिकार भित्र रहेका जलश्रोतका मूल (मुहान) को पहिचान, संरक्षण, व्यवस्थापन तथा स्वच्छ पिउने पानी र घरेलु उपयोगको लागि पानीको पहुँच गाउँपालिकावासीमा पुऱ्याउने उद्देश्यले जलश्रोत तथा खानेपानी उपभोक्ता समितिको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले, प्रशासकीय कार्यविधिलाई नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार बमोजिम कटहरी गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत गरिएको छ।

१. *संक्षिप्त नाम, विस्तार र प्रारम्भ :*

१) यस कार्यविधिको नाम "जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

२) यो कार्यविधि कटहरी गाउँपालिका भित्र लागू हुनेछ।

३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ।

२. *परिभाषा :* विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "उपभोक्ता" भन्नाले यो कार्यविधि बमोजिम दर्ता भई स्थापना भएका जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समितिका सदस्यलाई जनाउँदछ।

ख) "कार्यपालिका" भन्नाले कटहरी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउदछ।

ग) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी र सो शब्दले घरेलु रूपमा प्रयोग गर्ने पानीलाई समेत जनाउँदछ।

घ) "खानेपानीको व्यवस्थापन" भन्नाले जलश्रोतका मूल (मुहान) को पहिचान, संरक्षण, उपयोग तथा सरसफाई समेतलाई जनाउंदछ।

ङ) "जलश्रोत" भन्नाले कटहरी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका खोला, नाला, कुवा, ताल, पोखरी जस्ता पानीका प्राकृतिक श्रोत, मूल (मुहान) लाई सम्झनु पर्दछ र सो शब्दले खानेपानी व्यवस्थापनका लागि उत्खनन् गरिएको भूमिगत पानीको श्रोत समेतलाई जनाउंदछ।

च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको वीनियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

छ) "गाउँपालिका" भन्नाले कटहरी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ र सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउँदछ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कटहरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

झ) "समिति" भन्नाले यो कार्यविधि बमोजिम दर्ता भई स्थापना भएका जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समितिको विधान अनुसार गठन भएका समितिलाइ सम्झनु पर्छ।

*उपभोक्ता समिति दर्ता गर्नु पर्नेः* गाउँपालिकामा सामुदायिक रुपमा खानेपानी र अन्य घरेलू उपयोगको लागि जलश्रोतको प्रयोग गर्नको निमित्त यस कार्यविधि बमोजिम समिति दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्नेछ। यस कार्यविधि बमोजिम दर्ता नगरी समिति स्थापना गर्न हुदैन।

देवराज चौधरी
अध्यक्ष

४. *खानेपानीको मूल दर्ता गर्नुपर्ने :*

गाउँपालिकाको क्षेत्राधिकार भित्र खानेपानीको मूल (मुहान) बाट सङ्कलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो खानेपानीको मूल सहितको आधिकारिक समिति दर्ता गर्नुपर्नेछ । त्यसरी दर्ता भएको समितिले खानेपानी व्यवस्थापन गरी सर्वसाधारणलाई सार्वजनिक रूपमा उपयोग गर्नको लागि पानीको मूल दर्ताको लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ। त्यस्तो निवेदन दर्ता भएमा निम्न बमोजिमका पाँच सदस्यीय गाउँपालिका स्तरीय समिति खानेपानीको मूल दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यकता अनुसार स्थलगत अध्ययन गरी दर्ता गर्न मिल्ने देखिएमा खानेपानीको मूलको दर्ता सहितको समिति दर्ता गर्ने अनुमति दिन सक्नेछ।

१) संयोजक - गाउँपालिका अध्यक्ष
२) सदस्य - गाउँपालिका उपाध्यक्ष
३) सदस्य - सम्बन्धित वडाको वडा अध्यक्ष
४) सदस्य - प्रमुख प्रशासकीय अधिकृत
५) सदस्य सचिव - सम्बन्धित शाखाको शाखा प्रमुख

५. *समिति दर्ता :*

(१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढीमा पदेन सदस्य बाहेक एघार जना व्यक्तिहरुले वडा समितिको कार्यालयमा खानेपानीको मूल दर्ता सिफारिसको लागि निवेदन दिनुपर्नेछ।

(२) वडा समितिको कार्यालयले स्थलगत अध्ययन गरी सिफारिस दिएमा देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका प्रमुख समक्ष अनुसूची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ।

क) समितिको नाम,
ख) उपभोक्ता संस्थाको विधान,
ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपी
घ) कार्यालयको ठेगाना,

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएको पालिकास्तरिय समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ र यसरी प्रमाण-पत्र दिदा समिति कार्यदलमा बढिमा ३ वर्ष हुने गरी दिनु पर्नेछ।

(४) यस कार्यविधिको दफा बमोजिमको पालिकास्तरीय समितिले दर्ता नगर्ने निर्णय गरेमा त्यसकी सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जांच बुझ गरी त्यस्तो समिति दर्ता गर्ने वा नगर्ने गरी निर्णय गर्नेछ र समिति दर्ताको सम्बन्धमा भएको सो निर्णय अन्तिम हुनेछ।

(६) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा अनुसूचि-२ बमोजिम हुनेछ। नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

(७) दर्ता भएका समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नुपर्नेछ। दर्ता दस्तुर रु २०००/- (दुई हजार), नवीकरण दस्तुर वार्षिक रु १०००/- (एक हजार) तिर्नुपर्नेछ। समितिले समयमा नवीकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु. २००/- (दुई सय रुपैया) थप लाग्नेछ ।

देवराज चौधरी
अध्यक्ष



CamScanner

(८) साबिक जिल्ला विकास समितिद्वारा अनुमति लिई संञ्चालित भएको तर पालिकामा उक्त संस्था नवीकरण नभएका हकमा एक पटकका लागि वार्षिक शुल्क (जरिवाना बाहेक) मात्रै लिई नवीकरण गर्ने ।

६. *समिति संगठित मानिने:*

(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले कानुनी व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

७. *संस्थाको सम्पत्ती :*

(१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान बिरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

८. *समिति सुचिकृत हुनु पर्ने:*

(१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भइ वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सुचिकृत गरी दर्ता गराउनु पर्नेछ । सूचिकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. *समितिको सदस्यता शुल्क सम्बन्धी व्यवस्था :*

(१) समितिको सदस्यता शुल्क समितिको विधानमा उल्लेख भएको अवस्थामा सोही बमोजिम हुनेछ । समितिको विधानमा उल्लेख नभएको अवस्थामा समितिको साधारणसभाले अनुमोदन गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो सदस्यता शुल्क कार्यपालिकाले स्वीकृत गरेको वा तोकेको अधिकतम शुल्क भन्दा बढी हुने गरी तोक्न पाइने छैन ।

१०. *समितिको उदेश्यहरुमा हेरफेर :*

(१) समितिको उदेश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारणसभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

देवराज चौधरी
अध्यक्ष



CamScanner

. *समितिको वर्गिकरण :*

दर्ता अनुमति प्राप्त गरी गाउँपालिकाले क्षेत्र भित्र संचालनमा रहेका गाउँपालिकाको जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समितिको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गिकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

*तदर्थ समिति गठन गर्न सकिने :*

यस अघि दर्ता स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने समितिहरुले तोकीए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमीत गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ र तयारी तदर्थ समिति गठन गर्दा एक तिहाई महिला रहने गरी एघार सदस्य तदर्थ समिति गठन गरिनेछ ।

*संघ गठन गर्न सकिने :*

दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी पालिकास्तरिय जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पूर्ण समितिहरुलाई व्यवस्थीत रुपमा संचालन गरिनेछ ।

*हिसाबको विवरण पठाउनु पर्ने:* समितिले आफ्नो हिसाको विवरण लेखा परीक्षक प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

*हिसाब जाँच गर्ने:*

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसावले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्ने छ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

शिवराज चौधरी

१६. *निर्देशन दिने:* गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।

१७. *दण्ड सजाय:*

(१) दफा (४) बमोजिम देर्ता नगराई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

(२) दफा (१४) बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ। तर, कुनै सदस्यले दफा (१४) उल्लघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन।

(३) दफा (१५) को उपदफा (१) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धीत अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैया सम्म जनही जरिवाना गर्न सक्नेछ।

(४) दफा (१०) बमोजिम गाउँपालिकाले स्वीकृति नलिई समितिको उदेश्यमा हेरफेर गरेमा वा अर्को समिति सित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।

१८. *पुनरावेदन:* दफा (१७) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

१९. *समितिको विघटन वा त्यस्को परिणाम :*

(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ।

(३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ।

२०. *नियम बनाउने अधिकार:*

यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले विनियम बनाउन सक्नेछ।

२१. *विघटन तथा संचालन:* समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म गाउँपालिकाले तोकेको तदर्थ समितिबाट समिति संचालन गर्नेछ।

२२. *खारेजी र बचाउ :*

यो कार्यविधि लागु हुनु पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ तर त्यसतो समितिले यस कार्यविधि बमोजिम गाउँपालिकाले दिएको म्याद भित्र गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ।



देवराज चौधरी
अध्यक्ष

CamScanner

अनुसूची - १

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्रीमान् गाउँपालिका प्रमुख ज्यू,

कटहरी गाउँपालिका,

कटहरी, मोरङ

महोदय,

हामीले ______________________ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०८१ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण:

१. उपभोक्ता संस्थाको नाम:

२. कार्यक्षेत्र:

३. उद्देश्यहरू

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम ठेगाना पेशा र ना.प्र.प.नं.

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने जलस्रोतको विवरण:

(क) जलस्रोतका नाम र रहेको ठाउ

(ख) जलस्रोतबाट गरिने प्रयोग

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:

(क) सेवाको किसिम

(ख) सेवा पुऱ्याउने क्षेत्र

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना

७. आर्थिक स्रोतको विवरण:

८. कार्यालयको ठेगाना:

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त

दिनेको सही:

नाम:

पद:

ठेगाना:

खेमराज चौधरी

अध्यक्ष

अनुसूची-२

(दफा ५ को उपदफा ५ संग सम्बन्धित)

उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र

दर्ता नम्बरः

## कटहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कटहरी, मोरङ

मिति: ..........................

श्री ..................................................

..................................................

कटहरी गाउँपालिकाको जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८१ को दफा (५) को उपदफा (२) बमोजिम मिति .......................... गते यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । कटहरी गाउँपालिकाको जलश्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम आफ्नो कार्य सन्चालन गर्नुहुन ।

साविक जि.वि.स.मा दर्ता भएको हकमा दर्ता नं.-

दर्ता मितिः

प्रमाणिकरण गर्नेकोः

दस्तखतः

नाम / थरः

दर्जाः

विधानको पृष्ठ संख्याः .........

मिति:

कार्यालयको छापः

...राज चौधरी
अध्यक्ष